**Gurkhas Finance Ltd.**
**गोर्खाज फाइनान्स लि.**
Your Financial Friend
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था

**केन्द्रिय कार्यालय:**
चारखाल रोड, डिल्लीबजार, काठमाडौं
फोन नं.: ०१-४५३७४०१, फ्याक्स नं.: ०१-४०११५२५
Email: info@gurkhasfinance.com.np
Website: www.gurkhasfinance.com.np

# एकतीसौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०९/०८**

यस वित्तीय संस्थाको मिति २०८२/०९/०७ गते सोमबार बसेको संचालक समितिको ५३६ औं बैठकको निर्णय अनुसार कम्पनीको एकतीसौं वार्षिक साधारणसभा देहायको मिति, समय र स्थानमा निम्न लिखित विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिको लागि अनुरोध छ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति : २०८२ साल पौष महिना २९ गते मंगलबार (तदनुसार १३ जनवरी, २०२६ )**

**समय : बिहान ११:०० बजे।**

**स्थान : अनुपम फुडल्याण्ड एण्ड ब्याङ्क्वेट, बत्तीसपुतली, काठमाण्डौ।**

**छलफलका विषयहरू:**

**क) सामान्य प्रस्ताव :**

१) संचालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व. २०८१/०८२ को प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात तथा २०८१ श्रावण १ देखि २०८२ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब र सोहि अवधिको नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने।

३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व.२०८२/८३ को लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने।

४) संस्थापक समूहबाट ३ (तिन) जना र सर्वसाधारण समूहबाट ३ (तिन) जना सञ्चालकहरुको निर्वाचन गर्ने सम्बन्धमा।

**ख) विशेष प्रस्ताव :**

१) गोर्खाज फाइनान्स लिमिटेड र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धमा।

क) यस फाइनान्स र अन्य कुनै एक वा सो भन्दा बढी उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने र गाभिने सम्बन्धि सम्पूर्ण प्रक्रिया अवलम्बन गरी कार्य अघि बढाउन सञ्चालक समिति तथा यस अन्तर्गतको मर्जर समितिलाई अख्तियारी प्रदान गर्ने।

ख) एक आपसमा गाभ्ने र गाभिने प्रक्रियामा चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तय गर्ने लगायतको सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।

२) मिति २०८२/०६/१८ देखि मिति २०८२/०९/२९ सम्मको नियुक्त सञ्चालक समितिको सञ्चालकको पदावधिलाई अनुमोदन गर्ने सम्बन्धमा।

३) काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं. ३०, डिल्लीबजार अवस्थित संस्थाको रजिष्टर्ड कार्यालयलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्ने सम्बन्धमा।

४) संस्थाको प्रबन्धपत्र, नियमावली सम्बन्धमा नियमनकारी निकायबाट आवश्यक हेरफेर, थपघट गर्न निर्देशन भएमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने।

**ग) विविध।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## साधारणसभा सम्बन्धी सामान्य जानकारी

१ संस्थाको एकतीसौं वार्षिक साधारण सभा प्रयोजनको लागि यस वित्तीय संस्थाको शेयर नामसारी तथा दाखिला खारेज मिति २०८२/०९/१६ गते देखि २०८२/०९/२९ सम्म बन्द रहनेछ। नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा २०८२/०९/१४ गतेसम्म कारोबार भई यस संस्थाको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौमा नामसारीको लागि प्राप्त लिखतका आधारमा शेयरधनी दर्ता कितावमा कायम शेयरधनीहरुले मात्र सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछ।

२ साधारण सभामा उपस्थित हुने शेयरधनीहरुले सभा कक्ष भित्र प्रवेश गर्नका लागि प्रवेश पत्र, हितग्राही खाता खोलेको (DMAT) विवरण र आफ्नो परिचय खुल्ने प्रमाणपत्र साथमा लिई आउनुहुन अनुरोध छ।

३. शेयरधनी महानुभावहरूले सभा भवन प्रवेश गर्नु पूर्व उपस्थिति पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। शेयरधनी उपस्थिति पुस्तिका साधारणसभा हुने दिन बिहानको १०:०० बजे देखि खुल्ला गरिनेछ।

४. साधारणसभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फाराम सभा शुरु हुनुभन्दा ४८ घण्टा अगावै कम्पनीको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्सालमा वा संस्थाको रजिष्ट्रर कार्यालय, डिल्लीबजारमा दर्ता गराइसक्नु पर्नेछ। प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत यस संस्थाको शेयरधनी हुनु पर्नेछ।

५. साधारणसभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सकेपछि सम्बन्धित शेयरधनी आफै साधारणसभामा उपस्थित हुन वा प्रतिनिधि फेरबदल गर्न चाहेमा साधारणसभा शुरु हुनुभन्दा कम्तीमा २४ घण्टा अगाडि नै सो को सुचना संस्थाको शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नारायणचौर, नक्सालमा पठाउनु हुन अनुरोध छ। यस्तो जानकारी प्राप्त भएमा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ।

६. कुनै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सि) मुकरर गरेकोमा कार्यालयमा पहिलो दर्ता भएको प्रतिनिधि (प्रोक्सि) लाई मान्यता दिइनेछ।

७. नाबालक वा विक्षिप्त शेयरधनीको हकमा संस्थाको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारणसभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सि) नियुक्ति गर्न सक्नेछ।

८. संयुक्त रुपमा साधारण शेयर लिने शेयरधनीहरुको हकमा त्यस्तो शेयरधनीहरु मध्येबाट सर्वसम्मत रुपमा मनोनित प्रतिनिधिले वा सो बमोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनीहरुको दर्ता कितावमा पहिलो नाम उल्लेख भएको शेयरधनीले मात्र साधारण सभामा भाग लिन सक्नेछ।

९. कुनै शेयरधनीहरूलाई कम्पनीको सम्बन्धमा केही जिज्ञासा भए त्यस्तो बेहोरा लिखित रूपमा सभा शुरू हुनुभन्दा कम्तीमा सात दिनअघि कम्पनीको कार्यालयमा पठाउनुहुन अनुरोध गर्दछौं। तर यसलाई छलफल र पारित प्रस्तावको रूपमा पेश गरिने छैन।

१०. निर्वाचन सम्बन्धी कार्यक्रम मिति २०८२ पौष २१ गते कम्पनीको रजिष्ट्रर कार्यालयस्थित निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशित गरिनेछ।

११. अन्य थप जानकारीको लागि यस संस्थाको वेवसाइट www.gurkhasfinance.com.np, संस्थाको प्रधान कार्यालय डिल्लीबजार, काठमाण्डौ तथा शेयर रजिष्ट्रार श्री मुक्तिनाथ क्यापिटल लि, नारायणचौर, नक्साल, काठमाण्डौमा सम्पर्क राख्नुहुन अनुरोध छ।